**बैठक संख्या: २०८१।०८२ – १२**

**बैठक: घिरिङ गाउँपालिका तनहुँको गाउँ कार्यपालिका बैठक ।**

मितिः- वि. स. २०८१ साल चैत ०७ गते विहीबार समय ११ बजे देखि सुरु।

अध्यक्षताः गाउँपालिका अध्यक्ष श्री होम बहादुर थापा ज्यू।

स्थानः गाउँपालिका सभाहल तनहुँ।

उपस्थित पदाधिकारीहरुको विवरणः

| क्र स | पदाधिकारीको नाम थर | कार्यालय र पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री होम बहादुर थापा | घिरिङ गाउँपालिका अध्यक्ष | | |
| २ | श्री राधादेवी अधिकारी | घिरिङ गाउँपालिका उपाध्यक्ष | | |
| ३ | श्री कृष्ण प्रसाद ढकाल | घिरिङ गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत | | |
| ४ | श्री रवि चन्द्र घोरासिनी | घिरिङ गाउँपालिका वडा न. १ वडाअध्यक्ष | | |
| ५ | श्री नर वहादुर थापा | घिरिङ गाउँपालिकावडा न .२ वडाअध्यक्ष | | |
| ६ | श्री तहल सिंह थापा | घिरिङ गाउँपालिकावडा न. ३ वडाअध्यक्ष | | |
| ७ | श्री भिम बहादुर कुमाल | घिरिङ गाउँपालिकावडा न. ४ वडाअध्यक्ष | | |
| ८ | श्री विष्णु विर आले | घिरिङ गाउँपालिकावडा न. ५ वडाअध्यक्ष | | |
| ९ | श्री पार्बती वि.क | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| १० | श्री ईश्वरी श्रेष्ठ | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| ११ | श्री रिमा कुमाल | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| १२ | श्री सरिता वि.क | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| १३ | श्री भुवन सिं वि.क | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| १४ | श्री टोप बहादुर रामदाम | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| राष्ट्र सेवक कर्मचारी | | | | |
| १५ | ध्रुवराज [illegible] | अधिकृत | | |
| १६ | अविनाश ढकाल | लेखा अधिकृत | | |
| १७ | | | | |
| | | | | |

घिरिङ गाउँपालिका

गाउँ कार्यपालिका

कार्यपालिका बैठक संख्या :- २०८१/०८२/१२

मिति : २०८१/१२/०७

बैठकको अध्यक्षता :- गाउँपालिका अध्यक्ष श्री होम बहादुर थापा

समय बैठक शुरु विहानको :- ८.००

बैठक बसेको स्थान :-गाउँपालिका सभाहल

**प्रस्तावहरु**

१) सार्वजनिक सुनुवाई सम्बन्धमा ।

२) स्थानिय तह संस्थागत क्षमता सो मुल्याङ्कन र वित्तिय सुशासन जोखिम मुल्याङ्कन सम्बन्धमा ।

३) भुमि आयोग सम्बन्धमा ।

४) नदि जन्य पदार्थको आई.ई सम्बन्धमा ।

५)औद्योगीक ग्रामबाट सव वेस निकाल्ने सम्बन्धमा ।

६) रकमान्तर (घुमाउने तालको बाँकी रकम पशुपति मोटरमार्ग पहिलो खण्ड,जे.सि.वि.सन्चालन खर्च,भ्रमण खर्च,सवारी साधन मर्मत खर्च,उपभोक्ता विद्युत महशुल ,सामी कार्यक्रम ,शिक्षण सहयोग अनुदान,अन्य शिक्षा शाखा आन्तरिक श्रोतका कार्यक्रमका लागि रकम थप)सम्बन्धमा ।

७) मदन मोटर मार्गको ठेक्का स्थगन सम्बन्धमा ।

८) नयाँ प्रा.वि. शिक्षक पदस्थापन सम्बन्धमा ।

९) घटना दर्ता सप्ताहको लागि भित्ते पात्रो छपाई सम्बन्धमा ।

१०) उत्पादन प्रतिफलमा आधारित अनुदान कार्यक्रम कार्यविधि,२०८१ (संशोधन सहित),कृषक पाठशाला संचालन कार्यविधि ,२०८१ , चिस्यान केन्द्र संचालन कार्यविधि ,२०८१,बाली उपचार शिविर संचालन कार्यविधि २०८१ र कृषि सामाग्री वितरण (अनुदान) कार्यक्रम संचालन कार्यविधि २०८१ सम्बन्धमा ।

११) विविध सम्बन्धमा ।

निर्णय नं. १ प्रस्ताव नं.१ माथि छलफल गर्दा चालु आ.व.को दोस्रो चौमासिक सार्वजनिक सुनुवाई २०८१ चैत्र महिनाको २२ गतेका दिन यसै पालिका वडा नं.१ को कार्यालयमा राख्ने निर्णय गरियो ।

निर्णय नं. २ प्रस्ताव नं.२ माथि छलफल गर्दा स्थानिय तह संस्थागत क्षमता सो मुल्याङ्कन र स्थानीय तह वित्तिय सुशासन जोखिम मुल्याङ्कनको आ.व.२०८०/०८१ को घिरिङ्ग गाउँपालिकाबाट प्रारम्भिक नतिजा

होम बहादुर थापा
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

तयार भई पृष्ठपोषणका लागि पेश गरिएकोमा पृष्टपोषण कार्य सम्पन्न भई अनुमोदनका लागि अन्तिम नतिजा सार्वजनिक गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ प्रस्ताव नं.३ माथि छलफल गर्दा नेपाल सरकारले भूमिहीन दलित,भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउन र अव्यवस्थित बसोबासीहरुको प्राप्त लगत अद्यावधी र छुट भएका लगत संकलनका लागि प्रचार प्रसार गर्ने साथै स्थानीय तहस्तरीय भूमिहीन तथा अव्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण समिति तत्काल गठन गर्ने निर्णय गरियो ।

निर्णय नं.४ प्रस्ताव नं.४ माथि छलफल गर्दा यसै पालिका वडा नं.१ र ४ भएर बग्ने कालिगण्डकी नदिबाट नदिजन्य पदार्थ उत्खनन संकलन र विक्रि सम्बन्धी प्राप्त IEE प्रतिवेदन स्वीकत गरि भुक्तानी दिने निर्णय गरियो साथै प्राप्त IEE मा उल्लेखित शर्त अनुसार मेशिनरी उपकरण (भ्याकु लोडर,स्काभेटर) प्रयोग गर्न पाउने स्पष्ट उल्लेख बमोजिम सहमतिको लागि जिल्ल विपद व्यवस्थापन समिति तनहुँमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.५ प्रस्ताव नं.५ माथि छलफल गर्दा यसै पालिका भित्र रहेका विभिन्न सडकको कालोपत्रे गर्ने सव वेस आवश्यक परेको र सव वेस व्यवस्थापनको लागि विभिन्न फर्महरुले निवेदन पेश गरेको हुँदा औद्योगिक ग्राम निर्माण स्थलबाट सव वेस उपलब्ध गराउने र सो बमोजिम प्रति ट्याक्टर रु.५००।०० र प्रति ट्रक/टिपर रु.१०००।०० का दरले राजश्व लिई सव वेस उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.६ प्रस्ताव नं.६ माथि छलफल गर्दा तपसिल अनुसारका बजेट शिर्षकहरु रकमान्तर भै कार्यक्रम थप घट हुने निर्णय गरियो ।

| क्र.स. | कार्यक्रमको नाम | कायम बजेट | थप गर्नुपर्ने रकम | जम्मा रु. | कै. |
|---|---|---|---|---|---|
| १ | युवा खेलकुद (क.सं.४७) | ४,००००० | - | - | |
| २ | अध्ययन अवलोकन भ्रमण (क.सं.३५) | ५,९०,००० | - | - | |
| ३ | कर्मचारी तथा जनप्रतिनिधि क्षमता विकास कार्यक्रम (क.सं.३९) | ६,००००० | - | - | |
| ४ | सभा संचालन खर्च (क.सं.५७) | ४,००००० | - | - | |
| ५ | घुम्ती सेवा संचालन (क.सं.४१) | २,००००० | - | - | |
| ६ | पशु स्वास्थ्य घुम्ती शिविर संचालन कार्यक्रम (क.सं.१६५) | ३,००००० | - | - | |
| ७ | नश्ल सुधार कार्यक्रम (क.सं.१६८) | १,२५,००० | - | - | |
| ८ | यान्त्रिकरण अनुदान सहयोग कार्यक्रम (क.सं.१६७) | ७५,००० | - | - | |
| ९ | उत्पादन प्रतिफालमा आधारित अनुदान कार्यक्रम (क.सं.१६२) | १,००००० | - | - | |
| १० | पशु आहार मिसन कार्यक्रम ( क.सं.१६३) | २,९०,००० | - | - | |

प्रसाद ढकाल
प्रशासकीय अधिकृत

बहादुर थापा
अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | स्वास्थ्य संस्थाजन्य फोहोरमैला व्यवस्थापन (क्र.सं.१३६) | ८,००००० | – | – | |
| १२ | जेष्ठ नागरिक घरदैलो स्वास्थ्य परीक्षण कार्यक्रम (क्र.सं.१२५) | ३,००००० | – | – | |
| १३ | कृषि यन्त्र वितरण ५०% अनुदान कार्यक्रम (क्र.सं.१५८) | ४,५०,००० | – | – | |
| १४ | गा.पा. तर्फको घमाउने ताल निर्माणबाट | २,००००० | | | |
| १५ | ष्शुपति मोटरमार्ग निर्माण समपुरक गा.पा.(नेपाल सरकार समानिकरण) बाट | २०,००००० | | | |
| **जम्मा** | | ६८,३०,००० | – | – | |
| १ | भ्रमण खर्च कर्मचारी तथा जनप्रतिनिधि | – | ५,००००० | ५,००००० | |
| २ | जे.सि.वि.संचालन खर्च | – | १०,००००० | १०,००००० | |
| ३ | देउराली भित्रिबाटो मेशिनरीवाल निर्माण भुक्तानी बाँकी | – | ४,५०,००० | ४,५०,००० | |
| ४ | उपभोक्ता समिति विद्युत महशुल | – | ३,००००० | ३,००००० | |
| ५ | साना व्यवसायिक फर्म स्थापना तथा सुधार कार्यक्रम | – | २,००००० | २,००००० | |
| ६ | शिक्षण सहयोग अनुदान | – | १८,८०,००० | १८,८०,००० | |
| ७ | सरस्वती मा.वि.अनुदान | | ३,००००० | ३,००००० | |
| ८ | पशुपति मोटरमार्ग पहिलो खण्ड | | २२,००००० | २२,००००० | |
| **जम्मा** | | | ६८,३०,००० | ६८,३०,००० | |

निर्णय नं.७ प्रस्ताव नं.७ माथि छलफल गर्दा घिरिङ गाउँपालिका अन्तर्गत वडा नं. २ मा पर्ने मदन मोटर मार्ग (ठेक्का नं 02/NCB/WORKS/GRM/2079-80) निर्माण सम्बन्धीको ठेक्का मिति २०७९/०८/१४ गते लागत रकम रु १९९७०७२३.५६ (भ्याट र ३% कन्टिनजेन्सी) समेतमा ठेक्काको सूचना प्रकाशन भएको हो। सो ठेक्का घिरिङ गाउँपालिका (पोखरीछाप, तनहुँ) प्रथम पक्ष र प्रविन कन्स्ट्रक्सन (मध्यपुर थिमी-२, भक्तपुर) दोस्रो पक्ष बीच कबोल रकम रु १३२३३०७०.९३ मा सो ठेक्का सम्बन्धी कार्य मिति २०८०/२/३२ मा सम्पन्न गर्नु पर्ने गरि सम्झौता भएको हो। सम्झौता हुना साथ बाटो चौडा बनाउने कार्य अगाडी बढेको र सोहि अनुसार १०% रकम Advance Payment भएको हो। समय अबधिमा कार्य सम्पन्न नभए पछि सो कार्य कार्यपालिका निर्णय अनुसार २०८१ पुस मसान्त सम्म समय थप भएको हो। २०८१ साल असारमा निकै ठुलो बर्षात भई सो ठेक्का लागेको बाटोमा ठुलो पहिरो (डाडा) नै खसी सो कार्य लागत अनुमान बमोजिम सम्पन्न गर्न नसकिने व्यहोरा सहित प्रविन कन्स्ट्रक्सनले मिति २०८१/०९/०१ मा ठेक्का रद्ध गरि पाउ भनि निबेदन पेश भएको सो पश्चात फिल्ड अनुगमन(पूर्वाधार विकास कार्यलय,तनहुँको प्राबिधिक समेत) गर्दा पनि सो बाटोमा काम गर्न नसकिने निश्चित भएपछि ठेक्का रद्द गर्ने निर्णयमा प्रथम पक्ष वाट आब्हान भएको हो| Bid Document को GCC को Clause no 72 को Termination मा उल्लेखित (The Employer

कृष्ण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

घिरिङ गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय पोखरीछाप, तनहुँ गण्डकी प्रदेश, नेपाल २०७३

होम बहादुर थापा
अध्यक्ष

may terminate the contract for convenience) र सार्वजनिक खरिद नियमावली २०६४ को १२७ मा उल्लेखित सुबिधाको आधारमा खरिद सम्झौता अन्त्य गर्दा दिनु पर्ने भुक्तानीमा टेकी सो ठेक्काको कार्य गरेको रकम दिने र Advance Payment बापत लागेको रकम अशुल उपर गर्ने गरि कार्यपालिकाको निर्णय बाट ठेक्का सम्झौता रद्द गर्ने निर्णय गरियो ।

निर्णय नं.८ प्रस्ताव नं.८ माथि छलफल गर्दा शिक्षा विकास तथा समन्वय इकाइ,तनहुँको च.नं.१०९८ मिति २०८१।१।२।०६ गतेको पदस्थापन सम्बन्धी पत्रानुसार यस पालिका अर्न्तगतका विद्यालयमा स्थायी नियुक्ती लिएर आएका उम्मेदवारहरुलाई विद्यालयको विषयगत आवश्यकताका आधारमा पदस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं.९ प्रस्ताव नं.९ माथि छलफल गर्दा घटना दर्ता सप्ताहको लागि भित्ते पात्रो छपाईको काम अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं.१० प्रस्ताव नं.१० माथि छलफल गर्दा उत्पादन प्रतिफलमा आधारित अनुदान कार्यक्रम कार्यविधि,२०८१ ( संशोधन सहित),कृषक पाठशाला संचालन कार्यविधि ,२०८१ , चिस्यान केन्द्र संचालन कार्यविधि ,२०८१,बाली उपचार शिविर संचालन कार्यविधि २०८१ र कृषि सामाग्री वितरण (अनुदान) कार्यक्रम संचालन कार्यविधि २०८१ माथि छलफल भई स्वीकृत गर्ने साथै राजपत्रमा प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं.११ प्रस्ताव नं.११ माथि छलफल गर्दा तपसिल अनुसार गर्ने निर्णय गरियो ।

- घिरिङ गाउँपालिकाको यातायात गुरु योजनाको अन्तिम प्रतिवेदन प्राप्त भएको हुँदा सो सम्बन्धमा छलफल भै स्वीकृत भएको हुँदा नियमानुसार रकम भुक्तानीका लागि अगाडी बढाउने निर्णय गरियो ।
- तपसिल अनुसार आर्थिक सहायता दिने निर्णय गरियो ।

तपसिल,

| क्र.स | नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | श्री नेत्र बहादुर थापा घिरिङ -५ | १००००.०० | |
| २ | नेपाल उत्पीडित जातिय मुक्ति समाज घिरिङ | १५०००.०० | |
| ३ | श्री राज कुमार थापा (छुट तलव ) | १६४५५.०० | |
| ४ | अप टु डेट साप्ताहीक | १०,०००.०० | |
| ५ | श्री रामनाथ खनाल घिरिङ -१ | ५,०००.०० | विवद |
| ६ | जिल्ला स्तरीय कराते प्रतियोगिता | १०,०००.०० | |
| ७ | प्रेश चौतारी नेपाल | १०,०००.०० | अधिवेशन |
| ८ | कृषि उपज संकलन केन्द्र पुटटारको गेट अगाडीको बाटो | ३५०००.०० | भैपरी आउने पुजीगत शिर्षकबाट भुक्तानी हुने । |
| ९ | मदन भण्डारी स्पोर्ट एकेडेमी क्रिकेट राष्ट्यि खेलक पोखरा | १०.०००.०० | |

होम बहादुर थापा
अध्यक्ष

घिरिङ गाउँपालिकाको कार्यालय, गाउँकार्यपालिकाको कार्यालय, पोखरीभिञ्याङ, तनहुँ, गण्डकी प्रदेश, नेपाल, २०७३

कृष्ण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत